## टीकापुर नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : ६ संख्या : ७१ मितिः २०८२/१०/१९

## भाग - ३

# मुक्त कमैया, कम्लहरी तथा हलिया पुनःस्थापना कार्यविधि, २०८२

**स्वीकृत मिति २०८२।०९।२७**

**प्रमाणित मिति :- २०८२।१०।०४**

**प्रस्तावना :**

कमैया, हलिया तथा कम्लहरी प्रथा नेपाल सरकारले विभिन्न मितिमा मुक्तिको घोषणा गरेको छ । नेपाल सरकारको मुक्तिको घोषणा पश्चात लगत संकलन, प्रमाणीकरण र परिचय पत्र वितरण गरि पुनर्स्थापना गरेको भएपनि लगतमा छुट भै परिचयपत्र प्राप्त गर्न छुट भएको वास्तविकता रहेको छ। मुक्त कमैया, कम्लहरी

तथा हलियाहरुको पहिचान गरी बसोबासका लागि घर, घडेरी तथा जिविकोपार्जनका लागि कृषि योग्य जमिन र रोजगारीको व्यवस्था गर्ने संवैधानिक नीति रहेको छ। यहि संवैधानिक व्यवस्था र वास्तविकतालाई मध्यनजर गर्दै विभिन्न कारणले लगत सकलनका क्रममा छुटेका र परिचयपत्र प्राप्त गरेको भएपनि पुनर्स्थापना हुन नसकेका मुक्त कमैया, हलिया र कमलहरीको समस्या समाधान गर्न नगरपालिका क्षेत्रभित्र बसोबास गरिरहेका छुट मुक्त कमैया, हलिया तथा कम्लहर परिवारको पहिचान गरी परिचय पत्र बितरण गर्न र पुनःस्थापना लगायतको काममा सहजीकरण गरी जिवनस्तरमा सुधार ल्याउन वान्छनीय भएकोले,

टीकापुर नगरपालिकाको कार्यपालिकाले नेपालको संविधान २०७२ को भाग ४ धारा ५१ को (ञ) (६) को निति कार्यान्वयन गर्न नगरपालिकको प्रशासकिय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरि मुक्त कमैया, कमलहरी तथा हलिया पुनःस्थापना कार्यविधि २०८२ जारि गरिएको छ।

## परिच्छेद – १

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस कार्यविधिको नाम "टीकापुर नगरपालिकको मुक्त कमैया, कम्लहरी तथा हलिया पुनःस्थापना कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएपछि लागु हुने छ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,–

(क) "परिवार" भन्नाले मुक्त कमैया, कम्लहरी तथा हलियाको बाबु, आमा, पति वा पत्नी समेलाई जनाउछ।

(ख) "नगरपालिका" भन्नाले टीकापुर नगरपालिका, कैलालीलाई सम्झनु पर्छ।

(ग) "वडा कार्यालय" भन्नाले टीकापुर नगरपालिकाका वडा कार्यालयहरु सम्झनु पर्छ।

(घ) "कार्यपालिका" भन्नाले टीकापुर नगरपालिकको नगर कार्यपालिकालाई सम्झनु पर्छ।

(ङ) "वडा समिति" भन्नाले टीकापुर नगरपालिकामा रहेका वडा समितिलाई समझनु पर्छ।

(च) "मुक्त कमैया, कम्लहरी तथा हलिया" भन्नाले नेपाल सरकारको विभिन्न मितिको निर्णय बमोजिम मुक्त भई नेपाल सरकार बाट परिचय पत्र प्राप्त गरेका मुक्त कमैया, कमलहरी तथा हलियालाई समझनु पर्छ।

(छ) "छुट मुक्त कमैया, कमलहरी तथा हलिया" भन्नाले नेपाल सरकारको लगतमा विभिन्न कारणले समाबेश हुन नसकि छुट भएका र यस कार्यविधि बमोजिम परिचय-पत्र प्राप्त गर्ने मुक्त कमैया, कमलहरी तथा हलियालाई समझनु पर्छ।

(ज) "पुनःस्थापना समिति" भन्नाले यस कार्यविधिको दफा १५ बमोजिम गठन भएको समितिलाई समझनु पर्छ ।

(झ) "वडा स्तरीय लगत सहजीकरण समिति" भन्नाले दफा ५ को उपदफा (१) बमोजिम गठन भएको वडा स्तरीय लगत सहजीकरण समितिलाई सम्झनु पर्छ ।

(ञ) "विकासका साझेदार" भन्नाले यस कार्यविधि बमोजिम आर्थिक तथा प्राबिधिक सहयोग उपलब्ध गराउने नेपाल सरकारको स्वीकृतिलिई नेपाल भित्र कार्यरत संस्था वा दातृ निकाय लगायत निजि क्षेत्रलाई समेत सम्झनु पर्छ ।

(ट) "लगत" भन्नाले यस कार्यविधि बमोजिम वडा कार्यालय मार्फत संकलन गरिने विवरण तथा तथ्यांकलाई सम्झनु पर्छ ।

(ठ) "सत्यपान" भन्नाले कुनै भनाईको सत्यता ठम्याउने, सत्यताको जाँचपडताल वा प्रमाणित गर्ने, सत्यको पालना वा निर्वाह गर्ने कार्यलाई सम्झनु पर्छ ।

## रिच्छेद – २
## कार्यक्रम सञ्चालन र कार्यक्षेत्र

**३. कार्यक्रम सञ्चालन :**

पालिकाले कमैया श्रमीकहरुको पहिचान, परिचय-पत्र बितरण तथा पुनःस्थापनाको लागि पालिकाको सबै वडा तहमा कार्यक्रम सञ्चालन गर्नेछ ।

**४. कार्यक्षेत्र** : कार्यविधि बमोजिम लगत संकलन, परिचय-पत्र बितरण तथा पुनःस्थापनाको काम पालिका भर हुनेछ ।

## परिच्छेद –३
## लगत संकलन तथा परिचय-पत्र वितरण

**५. वडा स्तरीय लगत सहजीकरण समिति** :

(१) वडा स्तरमा छुट मुक्त कमैया, कम्लहरी तथा हलियाहरुको पहिचान र प्रमाणीकरण गर्ने कार्यमा सहयोग र सहजीकरण गर्न देहाय बमोजिमको वडा स्तरीय लगत संकलन तथा परिचय-पत्र वितरण सहजिकरण समिति रहनेछ :–

(क) वडा अध्यक्ष – संयोजक
(ख) वडा सदस्यहरु सबै – सदस्य
(ग) सम्बन्धित वडाका मुक्त कमैया, कमलहरी तथा हलिया प्रतिनिधिबाट वडा अध्यक्षले मनोनित गरेको २ जना – सदस्य

(घ) सम्बन्धित वडा बाट वडा अध्यक्षले मनोनित गरेको बरघर (भल्मन्सा) १ जना – सदस्य

(ङ) सम्बन्धित वडाको वडा सचिव – सदस्य सचिव ।

२) उपदफा (१) बमोजिमको समितिको बैठकमा आवश्यकता अनुसार सम्बन्धित क्षेत्रका विज्ञहरुलाई आमन्त्रण गर्न सकिनेछ ।

(३) उपदफा (१) बमोजिमको वडा स्तरीय सहजीकरण समितिले देहाय बमोजिमको कार्य गर्नेछ :–

(क) वडा कार्यालयमा परेका निवेदनहरु दर्ता गर्ने र अभिलेख राख्ने,

(ख) छुट मुक्त कमैया, कम्लहरी तथा हलिया पहिचान, प्रमाणीकरण र परिचय-पत्र वितरणमा सहजीकरण गर्ने,

(ग) बिवाद वा समस्या आइपरेमा बैठक बसी समस्या समाधान गर्ने,

(घ) वडा समितिले जाँचबुझ गरि एकिन गरेको विवरण प्रमाणीकरणका लागी कार्यपालिकामा निर्णय सहित लेखि पठाउने ।

**६. लगत संकलन, वर्गिकरण र सत्यपान** :

(१) नगरपालिकाले छुट मुक्त कमैया, कम्लहरी र हलियाहरुको लगत संकलनका लागि दिएको निर्देशन बमोजिम वडा समितिले अनुसुची–२ बमोजिम छुट मुक्त कमैया, कम्लहरी र हलियाहरुले परिचय-पत्र प्राप्तीका लागी निवेदन दिन ३० दिने सुचना प्रकाशन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सुचना प्रकासन भए पश्चात म्याद भित्र नेपाल सरकारले मुक्त कमैया, कम्लहरी तथा हलियाहरुको लगत संकलन तथा परिचय-पत्र वितरण गर्दा कारणवश तत्कालीन अवस्थामा छुट हुन गएका मुक्त कमैया, कम्लहरी तथा हलियाहरुको लगत संकलन तथा परिचय-पत्र वितरणका लागी निवेदन दिन सक्नेछन । छुटेकाको लगत लिने प्रयोजनका लागी मुक्त कमैयाको हकमा २०५७ साल श्रावण २ गते, मुक्त हलियाको हकमा २०६५ साल भाद्र २१ गते र मुक्त कम्लहरीको हकमा २०७० अषाढ १३ गते अघिको मितिलाई आधार मानी त्यस अघि कमैया श्रमिकको रुपमा काम गरेको आधार खुल्ने प्रमाण सहित निबेदन दिएकाहरुको निवेदन दर्ता गर्नु पर्नेछ ।

(३) बिगतमा कमैया श्रमीकको रुपमा काम गरेको तर हाल मृत्यु भइसकेको हकमा मृतकको एकाघर संगोलको श्रीमती वा छोराले निवेदन दिन सक्नेछ ।

(४) अनुसूचि–३ मा रहेको स्वघोषणा राम्ररी पढी बुझी निवेदकले ल्याप्चे सहिछाप गर्नु पर्नेछ ।

(५) उपदफा (१) बमोजिम निवेदन लिई लगत संकलन कार्य समाप्त भइसके पश्चात देहाय बमोजिम मुक्त कमैया, हलिया तथा कम्लहरीहरुको वर्गिकरण गर्नु पर्नेछ :–

(क) आफनो वा आफनो परिवारको नाममा कतै घर र जग्गा नभएको क' वर्ग ।
(ख) आफनो वा आफनो परिवारको नाममा घर जग्गा दुबै भएको ख वर्ग ।
(६) मुक्त कमैया, हलिया तथा कम्लहरीको निवेदन लगायतका प्रक्रिया भइसके पश्चात देहाय बमोजिम सत्यपान गर्ने :–
(क) मुक्त कमैयाको हकमा मुक्त कमैया पहिचान गर्दा कमैया भएको प्रमाण - तत्कालिन भुमिसुधार कार्यालयले उपलब्ध गराएको निस्सा (चुटका) वा तत्कालिन गा.वि.स.ले २०५७ साल श्रावण २ गते भन्दा अगाडी कमैया भएको प्रमाणित गरि दिएको सिफारिस वा निस्सा वा आधाकारिक प्रमाण वा सर्जमिन मुचुल्का र अन्य आधकारीक प्रमणालाई लाई आधार मान्ने,
(ख) मुक्त हलियाको हकमा मिति २०६५ साल भाद्र २१ गतेभन्दा अगाडी हलिया काम गरेको भनि तत्कालीन आयोग वा कार्यदलले दिएको निस्सा वा आधाकारिक प्रमाण वा सर्जमिन मुचुल्का र अन्य आधकारीक प्रमाणालाई लाई आधार मान्ने,
(ग) मुक्त कम्लहरीको हकमा मिति २०७० साल अषाढ १३ गते भन्दा अगाढी कम्लहरी भएको आधाकारिक प्रमाण वा सर्जमिन मुचुल्का र अन्य आधकारीक प्रमाणालाई लाई आधार मान्ने,
(घ) प्रचलित कानुन र यस कार्यविधिको प्रतिकुल नहुने गरि नेपाल सरकार का कुनै निकायमा रहेका प्रमाणीत अभिलेखमा उल्लेख गरिएका बिवरणलाई आधाकारिक प्रमाणको रुपमा लिन सकिनेछ,
(७) वडा समितिले सत्यापन गर्ने प्रयोजनका लागी सुचनाको म्याद भित्र प्राप्त भएका मुक्त कमैया, हलिया तथा कम्लहरीहरुको विवरण अनुसुचि –४ बमोजिम ७ दिनभित्र दाबी बिरोध वा उजुरी गर्नको लागि सार्वजनिक सुचना प्रकाशन गर्नु पर्नेछ ।
(८) वडा समितिले सुचनाको म्याद भित्र उजुरी प्राप्त भएमा छानबिन गरि निर्णयमा पुग्नु पर्नेछ ।
(९) वडा समितिले सत्यापन गर्ने कार्य गरिसके पश्चात अन्तिम सुची प्रकाशन गर्नु पर्नेछ ।
(१०) यस कार्यविधि बमोजिम वडा बाट सत्यापन गर्ने कार्य सम्पन्न भए पश्चात सत्यापन गरिएको विवरण वडाले प्रमाणीकरणको लागि कार्यपालिकामा पठाउनु पर्नेछ । वडा बाट प्राप्त विवरण कार्यपालिकाले छानविन गरि प्रमाणीकरण र अनुमोदन गर्नु पर्नेछ ।
(११) यस कार्यविधि बमोजिम परिचय-पत्र वितरण गरेकाहरुको विवरण नेपाल सरकार वा प्रदेश सरकारको सम्बन्धित निकायले माग गरेमा पालिकाले उपलब्ध गराउनु पर्नेछ ।

**७. परिचय-पत्र तयारी र वितरण :**

(१) कार्यपालिकाबाट सुची प्रमाणीकरण र अनुमोदन भई सकेपछि अनुसुची–१ बमोजिम परिचय-पत्र तयारी गरी वितरण गर्नु पर्नेछ :–

(क) क वर्गका लागी रातो परिचय-पत्र वितरण ।

(ख) ख वर्गको लागी निलो परिचय-पत्र ।

## परिच्छेद -४
## मुक्त कमैया, कम्लहरी तथा हलियाहरुको पुनःस्थापना

**८. सुरक्षित आवास निर्माण :**

(१) नगरपालिकाले जग्गा प्राप्त गरेका वा जग्गा प्राप्त गर्न सुनिश्चित भएका आवासविहिन मुक्त कमैया, कम्लहरी तथा हलियाहरुलाई एक पटकको लागि देहाय बमोजिम सुरक्षित आवास निर्माणको लागि पहल गर्नेछ :–

(क) नेपाल सरकार वा यस कार्यविधि बमोजिम परिचय-पत्र प्राप्त गरी हालसम्म कुनै पनि निकायबाट घर निर्माणमा सहयोग प्राप्त नगरेका वा  पुनःस्थापना हुन नसकेका आवास बिहिन मुक्त कमैया, कम्लहरी तथा हलियाहरु,

(ख) नेपाल सरकार वा यस कार्यविधि बमोजिम परिचय-पत्र प्राप्त गरी हाल सम्म एक्लै बस्दै आएका अभिभावक बिहिन, आवास बिहिन तथा अविबाहित वा विहे गरेको भएतापनि पति समेत भुमिहिन वा आवास विहिन भएका मुक्त कम्लहरी,

(२) घर निर्माणका लागी लाभ ग्राही छनौट तथा सिफरिस देहाय बमोजिम गरिनेछः

(क) नगरपालिकाले मुक्त कमैया, कम्लहरी तथा हलियाहरुको आवास निर्माणका लागि आवास निर्माणको क्षेत्रमा काम गरिरहेका निकाय वा संघ संस्थाहरुसंग समन्वय गरी लाभग्राही छनौट गरी सिफरिस गर्नु पर्नेछ । नगरपालिकाले आफनै कार्यक्रम बनाएर आवास निर्माण गरिदिन सक्नेछ । यसका लागी नगरपालिकाले आफ्नो श्रोत साधनको आधारमा बजेट बिनियोजन गर्न सक्नेछ,

(ख) उपदफा (२) को खण्ड (क) बमोजिम छनौट वा सिफारिस गर्दा जोखिमयुक्त ठाउँमा बसेका, एकल महिला वा बृद्ध, शिबिर बनाई बसेका, एकै स्थानमा पाँच वा सोभन्दा बढी परिवार बसेका र आवास निर्माणको लागि जग्गा भएका मुक्त कमैया, कम्लहरी तथा हलियाहरुलाई प्राथमिकता दिई छनौट तथा सिफारिस गर्नु पर्नेछ,

(ग) सिफारिस गर्दा मुक्त कमैया, कम्लहरी तथा हलियाहरुको परिचयपत्र प्राप्त गरेका, जग्गाधनी दर्ता प्रमाण पुर्जा भएका वा राष्ट्रिय भुमि आयोग बाट निस्सा भएकालाई मात्र गर्नु पर्नेछ,

(घ) सिफारिस गर्दा स्थलगत अनुगमन समेत गरी सिफारिस गर्नु पर्नेछ,

(ङ) आवास निर्माण प्रक्रियामा नगरपालिकाले साझेदारी गर्न सक्नेछ वा आवश्यक प्राविधिक सहयोग गर्न सक्नेछ ।

**९. जग्गा व्यवस्थापन :**

(१) नगरपालिकाले नेपाल सरकारबाट परिचय-पत्र प्राप्त गरेका वा यस कार्यविधि बमोजिम परिचय-पत्र प्राप्त गर्ने क र ख वर्गका भुमिहिन मुक्त कमैया, कम्लहरी तथा हलियाहरुलाई एक पटकका लागि सरकारको नियमानुसार जग्गा उपलब्ध गराउन सम्बन्धित निकायहरुसंग पहल गर्नेछ :–

(क) भुमिहीन मुक्त कमैया, कम्लहरी तथा हलिया परिवारलाई भोगचलन भित्र रहेको प्रचलित कानुन बमोजिम उपलब्ध गराउन मिल्ने जग्गा नाप जाँच गरी लालपुर्जा दिनका लागि सम्बन्धित निकाय वा भुमि समबन्धि आयोग संग पहल गर्नेछ,

(ख) मुक्त कमैया, हलियाले नेपाल सरकार बाट जग्गाधनी दर्ता प्रमाण पुर्जा प्राप्त गरी भोगचलन गर्न नपाएका जग्गाहरु छानबिन गर्न सम्बन्धित नियकायहरु संग पहल गर्नेछ,

(ग) नेपाल सरकार बाट मुक्त कमैया, हलियाले प्राप्त गरेको जग्गा जोखिम युक्त क्षेत्र वा घर बनाउन उपयुक्त नरहेमा वैकल्पिक व्यवस्थाको लागि सम्बन्धित निकायमा पहल गर्नेछ । तर नगरपालिकाले आफनो श्रोत प्रयोग गरी जग्गा खरिद गरी वितरण गर्न यो दफाले बाँधा पुऱ्याएको मानिने छैन ।

**१०. सिप विकास कार्यक्रम :**

(१) नगरपालिका र अर्न्तगतका वडाहरुमा सञ्चालन हुने सिपमुलक तथा रोजगार प्रवर्द्धन कार्यक्रममा मुक्त कमैया, कम्लहरी तथा हलियाहरुको लागि निश्चित कोटा निर्धारण गर्नु पर्नेछ ।

(२) नगरपालिकाले आर्थिक विकास सम्बन्धि योजना तर्जुमा गर्दा मुक्त कमैया, कम्लहरी तथा हलियाहरु लाई समेत लक्षित गरी योजना तर्जुमा गर्नु पर्नेछ ।

(३) नगरपालिकाले परिचय-पत्र प्राप्त मुक्त कम्लहरीहरु लाई शिक्षाको लागी सहयोग हुने कार्यक्रमहरु सञ्चालन गर्न सक्नेछ ।

**११. पुनःस्थापना समिति :**

(१) मुक्त कमैया, कम्लहरी तथा हलियाहरुको पुनःस्थापना सम्बन्धी कार्य गर्न नगरपालिकामा देहाय बमोजिम पुनःस्थापना समिति रहनेछ :–

(क) नगर प्रमुख – संयोजक

(ख) नगर उपप्रमुख – सदस्य

(ग) मुक्त कमैया, जनजाती तथा अल्पसंख्यक कार्यपालिका सदस्यहरु मध्येबाट १ महिला सहित संयोजकले मनोनित गरेको २ जना – सदस्य

(घ) मुक्त कमैया, हलिया तथा कम्लहरी प्रतिनिधि बाट संयोजकले मनोनित गरेको १ जना –सदस्य

(ङ) प्रशासन शाखा प्रमुख – सदस्य

(च) सामाजिक विकास शाखा प्रमुख – सदस्य
(छ) भुमि सम्बन्धी विषय हेर्ने शाखा प्रमुख – सदस्य
(ज) प्रमुख प्रशासकिय अधिकृत – सदस्य सचिव

(२) उपदफा (१) बमोजिम गठन भएको मुक्त कमैया, कम्लहरी तथा हलिया पुनःस्थापना समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :–

(क) २०५७ सालको मुक्त कमैया लगत बमोजिम क र ख बर्गको परिचयपत्र प्राप्त गरेका तर जग्गा नपाएका वा जग्गा प्राप्त गरेका तर विभिन्न कारणले जग्गा भोग गर्न नपाएका परिवारहरुको विवरण एकिन गरि अध्यावधिक गर्न लगाउने,

(ख) क वर्गका भुमिहीन मुक्त कमैया, कम्लहरी तथा हलियाहरुको बसोबासको लागि संघ, प्रदेश र भुमि आयोगसंग पहल गर्ने,

(ग) आफनो र आफनो परिवारको नाममा कहीँ कतै पनि दर्ता वाला जग्गा नभएका सरकारी, सार्वजनिक वा ऐलानी पर्ति जग्गामा बसोबास गरिरहेका भुमि आयोग बाट निस्सा प्राप्त गरेका ख वर्गका मुक्त कमैया तथा हलिया परिवारलाई नेपाल सरकारले तोकेबमोजिम जग्गा र लालपुर्जा वितरणको लागि सिफरिस गर्ने,

(घ) नेपाल सरकार र प्रदेश सरकारले विभिन्न मितिमा भएको निर्णय बमोजिम उपलब्ध गराउने सेवा सुविधा कार्यान्वयन गराउन पहल गर्ने,

(ङ) विभिन्न कारणले छुट मुक्त कमैया, कम्लहरी तथा हलियाहरुको लगत संकलन, प्रमाणीकरण र परिचय-पत्र वितरणको व्यवस्था मिलाउने ।

## परिच्छेद – ५
## विविध

**१२. झुठठा् विवरण पेश गरेमा कारबाही हुने :**

यस कार्यविधि बमोजिम पाइने सेवा सुविधा प्राप्त गर्ने उद्देश्यले कसैले झुठठा् विवरण पेश गरेको लिखित वा मौखिक जानकारी प्राप्त भएमा समितिले तत्काल छानविन गरी प्रचलित कानुन बमोजिम कारबाहीका लागी सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ ।

**१३. बाँधा अडकाउ फुकाउने :**

कार्यविधि कार्यान्वयन गर्दा केही अप्ठयारो पर्न गएमा नगर कार्यपालिकाले बाँधा अडकाउ फुकाउन सक्नेछ ।

**१४. परिचयपत्रको प्रतिलिपि सम्बन्धि व्यवस्था :**

कुनै कमैया श्रमिकले यस कार्यविधि बमोजिम बनाएको परिचय-पत्र हराए वा नासिएको कारण बाट परिचय पत्रको प्रतिलिपि पाउन निबेदन दिएमा नगरपालिकको

अभिलेख भिडाई अभिलेखको आधारमा शुल्क लिई परिचय पत्रको प्रमाणीत प्रतिलिपि दिनु पर्नेछ ।

**१६. परिचय-पत्र खारेजी सम्बन्धि व्यवस्था :**

कसैले झुठठ्ा विवरण दिई टिकापुर नगरपालिका बाट परिचय-पत्र प्राप्त गरेको लिखित वा मौखिक जानकारी प्राप्त भएमा नगरपालिकाको न्यायीक समितिले आवश्यक जाँचबुझ गरी झुठठ्ा देखिएमा कमैया श्रमीकले प्राप्त गरेको परिचय-पत्र खारेज गरी प्रदान गरिएको सबै सेवा सुविधा भराई लिन सकिनेछ । प्राप्त परिचय पत्रको आधारमा कुनै सेवा सुविधा पाउने क्रममा रहेको भए सेवा सुविधा रोक्का राख्न सक्नेछ । परिचय-पत्र खारेज गर्नु अघि निजलाई एक पटकका लागि सुनुवाईको मौका दिनु पर्ने छ ।

**१७. प्रचलित कानुन बमोजिम हुने :**

यस कार्यविधिमा लेखिएका विषयमा यसै बमोजिम र अन्य कुराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

**१८. कार्यविधि संसोधन, खारेजी र बचाउ :**

(१) प्रचलित कानून, कमैया श्रमिकको अवस्था समेतलाई ध्यानमा राखी नगर कार्यपालिकाले यो कार्यविधिलाई आवश्यक संशोधन, थपघट र खारेज गर्न सक्नेछ ।

(२) यस कार्यविधिमा भएका कुनै प्रावधान नेपालको संविधान, केन्द्रिय र प्रादेशिक कानून संग बाझिन गएमा बाझिएको हदसम्म स्वतः खारेज हुनेछ ।

(३) यस अघि भए गरेका मुक्त कमैया, कम्लहरी तथा हलिया सम्बन्धी कार्यहरु यसै कार्यविधि कमोजिम भए गरेको मानिनेछ ।

**१९. अनुसुचिमा थपघट तथा हेरफेर :**

नगरपालिकाले आवश्यक देखेमा यस कार्यविधिमा अन्य प्रचलित कानुन संग नबाझिने गरि अनुसुचिमा थपघट र हेरफेर गर्न सक्नेछ ।

**२०. अन्य स्थानिय तह बाट प्राप्त परिचय-पत्र प्राप्त गरेको हकमा :**

अन्य स्थानिय तहबाट प्राप्त परिचयपत्र जाँचबुझ गरी मान्यता दिन सक्नेछ ।

## अनुसूचि–१

| अग्रभाग | पृष्ठ भाग |
| --- | --- |
| **टीकापुर नगरपालिका** | बाबुको नाम : ................................ |
| **नगर कार्यपालिकाको कार्यालय** | पति/पत्नीको नाम : ....................... |
| **टीकापुर, कैलाली** | परिवार संख्या : .............................. |
| **सुदुरपश्चिम प्रदेश,नेपाल** | परिचयपत्र पाउनेको हस्ताक्षर : |
| | पारिवारिक विवरण : |
| **मुक्त कमैया/कम्लहरी/हलिया** | |
| **परिचय-पत्र** | |
| नाम : ..................................... | |
| वर्ग : .................................... | |
| रक्त समुह : ........................... | *(नोट : यो परिचयपत्र कसैले भेटाएमा* |
| ठेगाना : ..... नगरपालिका वडा नं..... | ......... *वा सम्बन्धित वडा कार्यालयमा* |
| नागरिकता नं. .................... | *बुझाइ सहयोग गरिदिन अनुरोछ छ ।)* |
| .......................... | |
| **प्रमाणित गर्नेको सहि** | |

स्थानीय राजपत्र

## अनुसुची –२

### लगत संकलन सम्बन्धी सूचनाको ढाँचा

(कार्यबिधिको दफा ४ को उपदफा १ संग सम्बन्धित )
टिकापुर नगरपालिका
.....नं वडा कार्यालय
सुदुरपश्चिम प्रदेश

### छुट मुक्त कमैया, कम्लहरी तथा हलियाहलियाहरुले परिचयपत्रको लागि निवेदन दिने सम्बन्धी ३० (तिस) दिने सुचना

नेपाल सरकारबाट विभिन्न मितिमा मुक्त घोषणा भई हालसम्म पनि परिचय-पत्र प्राप्त गर्न नसकेका यस वडामा स्थायी बसोबास गरेका मुक्त कमैया, हलिया तथा कम्लहरी स्वयम वा निजको पति वा पत्नीले टीकापुर नगरपालिकाको मुक्त कमैया, कम्लहरी तथा हलिया पुनःस्थापना कार्यविधि,२०८२ को दफा ४ को उपदफा (१) बमोजिम यो सुचना प्रकाशन भएको मितिले ३० (तिस) दिन भित्र वडा कार्यालयमा अनुसूचि –२ बमोजिमको ढाँचामा आवश्यक प्रमाण सहित निवेदन पेश गर्न यो सुचना प्रकाशन गरिएको छ ।

**निवेदन साथ पेश गर्नुपर्ने कागज प्रमाणहरु :**

१. घरमुली र एकाघर संगोलका सबै नागरिकता प्राप्त व्यक्तिहरुको नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।
२. मुक्त कमैयाको हकमा मिति २०५७ साल श्रावण २ गतेभन्दा अगाढी कमैया बसेको प्रमाण, मुक्त हलियाको लागी मिति २०६५ साल भाद्र २१ गतेभन्दा अगाडी हलिया भएको प्रमाण र मुक्त कम्लहरीको हकमा मिति २०७० साल अषाढ १३ गते भन्दा अगाडी कम्लहरी भएको प्रमाण ।
३. मुत्यु भएकाको हकमा मृत्यु दर्ता र नाता प्रमाणितको प्रतिलिपि ।
४. अन्य आधिकारीक प्रमाण ।

## अनुसुची –३

### निवेदनको ढाँचा

(कार्यबिधिको दफा....को उपदफा....संग सम्बन्धित)

श्रीमान वडा अध्यक्षज्यु,
..........नं वडा कार्यालय

विषय : परिचय-पत्र सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा यस स्थानीय तह बाट मिति............मा प्रकाशित मुक्त कमैया, हलिया तथा कम्लहरीहरुले परिचय पत्रको लागी निवेदन दिने सम्बन्धि सुचना मुक्त कमैया । हलिया । कम्लहरी परिचय-पत्र प्राप्तिका लागि देहाय बमोजिमको विवरणहरु सहित यो निवेदन पेश गरेको छु ।

**१. निवेदक/घरमुलीको विवरण :**

| | | |
|---|---|---|
| (१.१) निवेदकको नाम,थर | (१.८) जन्म स्थान (प्रदेश र जिल्ला) | (१.२) नागरिकता प्र.प.न.: जारी मिति र जिल्ला |
| (१.३) बाबुको नाम,थर | | (१.४)आमाको नाम,थर |
| (१.५) पति/पत्नीको नाम,थर : | | (१.६)पति/पत्नीकोना.प्र.न. जारी मिति र जिल्ला: |
| (१.७) बाजे/ससुराको नाम,थर | | : (१.८) जन्म स्थान (प्रदेश र जिल्ला) |
| (१.९) साबिक पालिका, वडा र टोल | | (१.१०) हालको ठेगाना प्रदेश र जिल्ला |
| (१.११) हालको पालिका, वडा र टोल | (१.१०) हालको ठेगाना प्रदेश र जिल्ला | (१.१२) राष्ट्रिय परिचय पत्र न. |
| (१.१३) मुक्त कमैया/हलिया/ कम्लहरी बसेको अवधि (....देखी....सम्म ) | | (१.१४) मुक्त कमैया/हलिया/ कम्लहरी बसेको स्थान |
| (१.१५)मुक्त कमैया/हलिया/ कम्लहरी बसेको मालिकको नाम र सम्पर्क नम्बर | | (१.१६) निबेदकको सम्पर्क नम्बर |

**१. परिवारका सदस्यहरुको विवरण**

| क्र.सं. | नाम/थर | लिङ्ग | पुरा उमेर | नागरिकता नं. | पेसा | परिवारमुलीको |
|---|---|---|---|---|---|---|
| | | | | | | निवेदक आफै |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

२. हाल बसोबास वा आवाद कमोत गरीरहेको र भूमि आयोग बाट निस्सा पाएको भए सो जग्गाको विवरण (बसोबास र आवाद कमोत छुट्टाछुट्टै ठाउँमा भएमा प्रत्येक ठाउँको विवरण क्रमशः):

| जग्गा रहेको स्थान सम्बन्धी विवरण | | | | भुमी आयोग बाट प्राप्त निस्सा सम्बन्धी विवरण | | आवाद कमोत को अवधी | कैफियत |
|---|---|---|---|---|---|---|---|
| गा.पा./ न.पा. | वडा | टोल | क्षेत्रफल | जग्गाको प्रकृति (बसोबास/ कृषि) | कित्ता कोड | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

*(नोटः कुनै जग्गामा बसोबास वा आवाद कमोत नगरेको र भूमिहीन भए यो विवरण उल्लेख गर्नु नपर्ने र कैफियतमा भूमिहीन जनाइदिने ।)*

**१. स्वघोषणा :**

(१) म र मेरो परिवारले हालसम्म कुनै पनि निकायबाट मुक्त कमैया र हलियार कम्लहरीको परिचयपत्र प्राप्त गरेको छैन ।

(२) म र मेरो परिवारको नाममा नेपाल अधिराज्यभर कहीँ कतै जग्गाधनी प्रमाण पुर्जा भएको जग्गा छैन । म र मेरो परिवारको आम्दानीले जग्गा खरिद गर्ने

स्थानीय राजपत्र

क्षमता छैन । म र मेरो परिवारले अंश बापत जग्गा प्राप्त गर्ने कुनै आधार र संभावना छैन । म र मेरो परिवारले हालसम्म मुक्त कमैयारहलियारकम्हलरीको रुपमा नेपाल सरकार बाट कुनै किसिमको जग्गा प्राप्त गरेको छैन ।

(३) म र मेरो परिवारले हालसम्म मुक्त कमैयारहलियारकम्लहरीको रुपमा राज्यबाट कुनै किसिमको सुविधा प्राप्त गरेको छैन ।

(४) मैले र मेरो परिवारले नाममा रहेको सम्पूर्ण जग्गा कहिलै पनि बिक्रि वा हक हस्तान्तरण गरेको छैन ।

(५) मैले माथि उल्लेख गरेको व्यहोरा ठिक साँचो हो । झुट्टा ठहरे कानूनबमोजिम सहुँला बुझाउँला ।

<table>
<tr><td colspan="2">औंठा छाप</td><td rowspan="3">भवदीय<br><br>परिवार मुलिको दस्तखत<br><br>मितिः................/......./......</td></tr>
<tr><td>दायाँ</td><td>बायाँ</td></tr>
<tr><td></td><td></td></tr>
</table>

**संलग्न कागजातहरु**

परिवारमुली र नागरिकता प्राप्त सबै सदस्यहरुको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि (अनिवार्य)

१. मुक्त कमैया/हलिया/कम्लहरी भएको प्रमाण/चुट्का (भए)

२. अन्य प्रमाणहरु .........................

## अनुसुची (४)
## दावी विरोध सूचनाको ढाँचा
(कार्यविधिको दफा ४ को (५) संग सम्बन्धित)

टीकापुर नगरपालिका
.........नं वडा कार्यालय
सूदुरपश्चिम प्रदेश

७ (सात) दिने सार्वजनिक सूचना प्रकाशन गरिएको सम्बन्धमा

यस वडा कार्यालयबाट मिति २) ............/........./......... मा प्रकाशित भएको सूचना बमोजिम मुक्त कमैया, हलिया तथा कम्लहरी परिचय-पत्र प्राप्तिका लागि तपसिल बमोजिमका व्यक्तिहरुले निवेदन पेश गरेकोले उक्त विवरणमा भएका निवेदकहरुमध्ये कुनै व्यक्ति परिचयपत्र प्राप्त गर्न अयोग्य रहेको देखिएमा यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र वडा कार्यालयमा लिखितरुपले दावी विरोध वा उजुरी गर्नु होला । अन्यथा यसै बमोजिम हुने व्यहोरा समेत जानकारी गराइन्छ ।

तपसिल :

| सि.नं. | नाम | ठेगाना | ना.प्र.प.नं. | बाबुको नाम | बाजे ससुरा | कमैया,हलिया वा कम्लहरी बसेको अवधी | | कमैया, हलिया वा कम्लहरी बसेको स्थान | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | ....देखी | ...सम्म | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

आज्ञाले,
सुमन धिताल
प्रमुख प्रशासकीय अधिकृत
टीकापुर नगरकार्यपालिको कार्यालय